# लोप्रा (नोप्रा?)का कागते

–भूपहरि पौडेल

## परिचय

कागते समुदायसंग म सानै उमेरदेखि परिचित थिएँ। किनभने लोप्रा (नोप्रा?)का कागतेहरू आफ्ना घरमा बनाएका नेपाली कागज र मुख्यत: साउन–भदौ–तिर लेखाली आलु लिएर सैंपूका घर घर डुल्थे। लोप्रा र सैंपू (कसै कसैले नोप्रा उच्चारण गरेको पनि सुनियो) डेढकोश मात्र फरक छ। सैंपूका धेरैजसो मानिसहरू लोप्राको जङ्गलमा घाँस–दाउरा गर्न आउँछन्। मलाई अझै संझना छ– मेरो बा वैशाख जेठतिर यही लोप्राकै जङ्गलबाट खकने झोला भरिभरि काफल लिएर आउनु हुन्थ्यो। लोप्राका आलु संझिने बित्तिकै अझै पनि मेरो मुख रसाउँछ। हात्तीढुङ्गाको वनसम्म कागतेहरू कागज बनाउने अर्गली लिन आउँथे। लोप्राबाट सोझै उत्तरपट्टि तामेडाँडो पर्छ। यो ठाउँ घ्याङ डाँडाका पण्डित टङ्कराज पौडेलका बाजे लक्ष्मीलाल पौडेलको खर्क थियो। मेरा बाजे त्रिलोचनको खर्क ठोसे थियो। यसरी मेरा पुर्खाको पालादेखि नै यो लेखाली भेग त्यति अपरिचित थलो होइन। कागते जाति र सैंपूका मानिससंग धेरै पहिलेदेखिको चिना-जानी भएपनि यस सम्बन्धमा अनुसन्धानको अभाव खट्किरहेको थियो। अहिलेसम्म नेपाली विद्वान्-हरूबाट कागते समुदायका बारेमा अनुसन्धान भएको देखिएको छैन। स्वीसहरूले क्रमिक रूपमा अध्ययन, अनुसन्धान गर्दै थिए। उनीहरूले कागतेको अध्ययन गर्न बस्दा त्यहाँका गरीबहरूको आर्थिक, शैक्षिक उत्थानको लागि ठूलो प्रयास गरेका थिए तर त्यो गाउँमा बस्ने टाठाटाठा र धनीहरूलाई स्वीसहरूको प्रवृत्ति पटक्क मन परेन र उनीहरू त्यो ठाउँबाट धपिनु पर्‍यो। त्यसपछि कागतेका सम्बन्धमा भएका खोजीनीतिका सामग्रीहरू प्रकाश भए होलान्। मैले पढ्न पाएको छैन। यो अध्याय यहीं टुंगियो।

## ठोसेको मेगजिन

कागते समुदायका सम्बन्धमा अनुसन्धान गर्दा ठोसेको फलाम खानीका बारेमा पनि उल्लेख गर्नु आवश्यक हुन्छ। किनभने मानव जातिको अध्ययन गर्दा उसको बसोबासित क्षेत्रमा भएका महत्त्वपूर्ण कुरालाई प्राथमिकता दिनुपर्ने हुन्छ। लेखाली बाटो भएको हुँदा मेगजिनबाट लोप्रा पुग्न एकदिन लाग्छ तर यी दुई ठाउँको भौगोलिक र व्यावहारिक सम्बन्ध रहेको बुझिन्छ। ठोसेको तल अचेल उच्चारणको सजिलाका लागि 'मेक्चन' भनिन्छ तापनि यसको शुद्ध रूप 'मेगजिन' हो। अब मेगजिनको अर्थ के रहेछ त ? हेरिहालौं।

''तोप' बन्दुक, गोली, गठ्ठा आदि लडाईंका

सामानहरू बनाउने वा राख्ने ठाउँ ।"[1] हामीले मेगजिनको अर्थ थाहा पायौं । अब यो ठाउँको भौगोलिक परिचय पनि दिउँ ।

मेक्चनमा सिन्धुलीतिरबाट आउँदा खुर्कोट, मन्थली, खिम्ती, वन्चरे, वेताली, रस्नालु भएर पुग्न सकिन्छ । त्यसपछि रामेछाप जिल्लाको सदरमुकामबाट सालुपाटी, धोवी, कान्छे, मित्रीखानी, लाप्चाने खानी र तामे डाँडोमा निस्केर मेक्चन पुग्न सकिन्छ । तेस्रो बाटो (जो लामोसाँगु–जिरी सडक निर्माण कार्य पूरा भएपछि बढी मात्रामा चलतीमा आएको र त्यो भन्दा पहिले कम संख्यामा अन्य ठाउँमा मानिस आउने जाने गरेको पाइन्छ) काठमाडौंबाट सोझै चरिकोट किराँतीछाप, बुस्ती (नयाँ पुल), नाम्दुकाभ्रे यार्सा चिसापानी, सिक्री, छयाँगे र कात्तिके हुँदै ठोसे मेक्चनमा पुगिन्छ । यसरी अहिलेसम्म पुरानो समयदेखि मानिसहरू आवतजावत गरेको बाटो थाहा भएसम्म यही नै हो । सुनकोशीको गढतीरै गढतीर भएर लिखु, लिखुको गढतीरै गढतीर भुजी, लेखखर्क अथवा भुजीबाट प्रीति, प्रीतिबाट लाप्चाने हुँदै ठोसे मेक्चन आइपुगिन्छ । ठोसे गाउँ पञ्चायतको भौगोलिक परिचय यसरी दिन सकिन्छ:–

उत्तरपूर्व खिम्ती खोलो, पूर्वमा शिवालय, चोर पाताल, दक्षिणतिर सिगटी डाँडो, लाप्चाने, डिगी गाउँ नै यस पञ्चायतको सीमाना तोक्न सकिन्छ । मेक्चन खिम्ती खोलाकै किनारमा पर्दछ । यहाँका जनजातिहरू नेवार (मेक्चन बजारमा छन्) कार्की क्षत्री, बस्नेत क्षत्री, दुइचार घर मगर, केही खनेल (खानी खन्ने भोटे), ठोसे बजारमा ४ घर कामी बसोबास गरेको पाइन्छ । यहाँको उत्पादन जौ, गहुँ, आलु, भटमास, मकै, कोदो, फापर हो । यस भेगको हावापानी स्वस्थकर छ । यहाँ प्राय: बिहान बेलुका वतास चलिरहने भएको हुँदा हरेकजसो ऋतुमा जाडोको अनुभव भए पनि शरीरलाई बेफाइदा हुने किसिमको शीत भने नभएको देखिन्छ । मेक्चनका नजीक खिम्ती र ठाडो खोला छन् । यी दुई खोलाको पानी तौलेर हेर्दा ठाडो खोलाको पानी फलाम बगाएर ल्याएको हुँदा निकै गह्रुं भएको कुरा प्रत्यक्ष अनुभव भएकै हो । मेक्चनमा एउटा प्राथमिक विद्यालय छ जसमा २०० विद्यार्थीहरू अध्ययन गर्छन् । एउटा माध्यमिक विद्यालय छ– जसलाई शारदा माध्यमिक विद्यालयका नामले पुकारिन्छ, यसमा १२५ जना विद्यार्थीहरू अध्ययन गर्छन् । यो ठाउँमा समय–समयमा हिउँ पनि पर्छ । हिउँ चाँडै पग्लन्छ तापनि यसको प्रभाव भने धेरै समयसम्म रही नै रहन्छ ।

मेक्चनमा गणेशस्थान बजारको पुछारमा लक्ष्मी नारायण, बजारकै खलङ्गा चौताराको मूर्ति, (जसलाई शक्ति र शक्तिमान्का रूपमा चिनिन्थ्यो, हाल यो मूर्ति चोरी भएको छ), गोन्रेटार महादेवस्थान– यहाँ सधैं तपतप पानी चुहिरहन्छ र पानीको रङ्ग पनि केशरीको जस्तै पहेंलो छ ।

## गणेशस्थानका दुई शिलालेख

क.

१. श्री गणेशजिको परंमां ता मा बिर्को नातिलाल बहादुर
२. को छोरा नालसिं नकर्मिले भक्ति पूर्वक चढ्या ये
३. को यो षम्बा सहितको छु चुन्द्रा बहान हो सबै
४. ले वुझनु हो ला व ना या को मिति ये हि सम्बत् यो
५. १९७७ साल चइत क्रुस्न १८ गते रोज २ मा हो

ख.

१. श्री गणेशाय नम् श्री कमला दि गणेशको पीर्ति
२. निमिट: २००९ साल मा ५ गते रोज ३ मा अगिल ग .....भ
३. हाल पूर्व २ नं. ठोसे मेगजिन वस्ने मान्विरको नाति मान सिंको छोरा गो

१. बालकृष्ण पोखरेल (निर्देशक), **नेपाली बृहत् शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, प्रथम संस्करण, २०४० पृष्ठ १०९५ ।

४. वि न्द मा न ले यो म न्दि र व ना इ १०८ घं ता च ढा ई
प न्च व लि को पु

५. जा ग रि भा क ल पु र्ण ग रे को

## चौताराको शिलालेख

. . . नारायण

. . . लाल बहादुर

. . . लाल नारायन सुभेरनम

व य सम्वत् १९७७ साल चैत्र सुदी १० मां रोज ६ शुभम्

ठोसे मेक्चनमा पनि अन्य ठाउँमा जस्तै भूतप्रेतप्रति खूबै विश्वास गरिन्छ। हाल छात्रावास भवन नजिकै आजभन्दा केही वर्ष अगाडि चारकाने जोगी रूखमा झुण्डिएर मरेको हुँदा त्यहाँ असाध्य लाग्ने र तर्साउने गर्दो रहेछ। अझै पनि बिहान झुल्के घाममा र बेलुका अस्ताउन लागेको घामको मुखमा परियो भने डुलुवाले टपक्क टिप्तो रहेछ। एउटा रोचक प्रसङ्ग उल्लेख गरिहालौं– म त्यहाँ अनुसन्धानमा जाँदाखेरिकै कुरा हो। बेलुकीपख छात्रावासको विद्यार्थीलाई अकस्मात् लागेछ। विद्यार्थी "मुटु दुख्यो, मरें मरें" भनेर छट्पटिन थाले। त्यही वेला डाक्टरको औषधि ख्वाए, झन् दुख्यो। एकजना मानिसले फुकिदिएपछि विद्यार्थीलाई लागुभागुले क्रमशः छोडेरै गयो।

यो ठाउँमा हरेक वर्ष घोडेजात्रा पर्व मनाउँछन्। साथै गणेशको रथ बोकेर घुमाउँछन्। यहाँ पनि गाईजात्रा पर्व मनाउँछन्। पाटने, भक्तपुरे, बनेपाली, काठमाडौंका नेवारहरूको बसोबास भएको हुँदा आफ्नो–आफ्नो नगरको परम्परा अनुसार ठोसे मेक्चनमा पनि जात्राहरू मनाइन्छ। श्रीकृष्ण जन्माष्टमीको अघिल्लो दिन सप्तमीका दिन भोट र नेपालका बीच युद्ध भएको दिन भनेर यहाँका नवयुवकहरू भोट र नेपालका सेना भएर अभिनय गर्छन्। कृष्णाष्टमीको दिन रोपाइँ जात्रा मनाइन्छ।

बाटाघाटाको दृष्टिले मेक्चनको बाटोले ऐतिहासिक रूप लिएको छ। वि. सं. २०३६ सालसम्म जिरी–ठोसे मेक्चनदेखि शिवालय हुँदै सगरमाथा आरोहण गर्न जान्थे। त्यसवेलासम्म दोहोरीलत्त विदेशी पाहुनाहरू यो बाटो हिंड्थे। छात्रावास अगाडिको चौरमा पाल टांगेर कैयौं विदेशी पर्यटकहरू बस्थे। दिनमा ७००।८०० को संख्यामा मानिसहरू यो बाटो हिंड्थे। तेन्जिङ शेर्पा ३।४ पटक यही बाटो हिंडेका थिए भने एडमन्ड हिलारीले त कैयौं पटक यहींबाट ओहोरदोहोर गरेका थिए।[२] अहिले मेक्चनबाट पर्यटकहरू हिंड्न प्रायः बन्द भैसकेको छ। यसको कारण के देखिएको छ भने– पहिलो त मेक्चनदेखि पूर्व सानुसानु पहिरो गएर बाटो बिगारिदिनु, दोस्रो शिवालयमा पक्की पुल बन्नु र तेस्रो चाहिं पथप्रदर्शकहरू उकालो ओरालो र घुमाउरो बाटो हिंड्न डराउनु नै रहेको बुझिएको छ। अहिले पर्यटकहरू जिरीबाट ठाडो उकालो लागी माली, एलुङ्ग, दोभान हुँदै शिवालय पुग्छन् र नाम्चे बजारको बाटो सोझ्याउँछन्। जिरी गाउँ पञ्चायतले लिएको तथ्याङ्क अनुसार प्रतिदिन ७०० संख्याका दरले पर्यटक हिंडेको देखियो।[३] अब यहाँनेर एउटा ऐतिहासिक घटनाको उल्लेख गरौं। यसबाट ठोसे मेक्चनको वर्तमान अवस्थाबाट ऐतिहासिक युगमा कस्तो हुँदो हो त भन्ने कुराको अनुमान गर्न सकिन्छ भने इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइमा कतिसम्म सत्यता रहेछ भन्ने कुरा पनि निर्क्योल गर्न सकिन्छ।

प्रश्नः– त्यस समयमा गुँ–विहार कसले बनाएको हुन सक्छ ?

उत्तरः– त्यो त, कुषाण राज्यका मानिसहरू आएर बनाए।

प्रश्नः– कुषाणहरू यहाँ आए भन्ने ऐतिहासिक प्रमाणहरू के दिनुहुन्छ।

उत्तरः– ऐतिहासिक प्रमाण छन्। एक त, कुषाणटक

---

२. हरिप्रसाद पौडेलबाट प्राप्त जानकारी

३. जिरी गाउँ पञ्चायतका प्रधानपञ्च धनबहादुर जिरेलबाट प्राप्त जानकारी।

पाइएका छन् । हुन त संग्रहालयमा छन् कि छैनन्, तर यहीं पाइएका छन् । अंग्रेज लेखक वाल्सले लेखेका छन् । यहाँ कुषाणकालमा व्यापार सम्बन्ध हुनाले सो व्यापार सम्बन्धबाट ती टक आएका हुन् भनी उनले लेखेको पाइन्छ । हुन त कुरा त्यही हो ।

प्रश्नः– वास्तविक कुरो त त्यही हो । जबसम्म नेपालमा आफ्ना स्वतन्त्र टक बनेनन्, तब त भारतीय टककै भरमा काम चलाउनु पर्ने भयो । लिच्छवी लेखमा पाइएका कार्षापण, पण, पुराण आदिमा एकथरी तामाको पत्र बाहेक अरू हामी हाल पाउँदैनौं । ती अरू त भारतसंगको सम्बन्धबाट आएका हुन् कि भन्ने देखिन्छ ।

उत्तरः– उनीहरू त्यस्तै भन्छन् । तर त्योभन्दा पहिले कुषाण आएकै छैनन् । ७८ इस्वीभन्दा पहिले त महायानको उदय भएको छैन । महायानको प्रचार नै त्यस समयपछि भयो । त्यहाँभन्दा सभ्यता कहाँबाट आयो ।

प्रश्नः– त्यसो भए शिरोमणिज्यू भारतवर्षमा जुन विदेशीहरू आए, मुसलमानहरू आए, अरू आए त्यहाँको धनको लागि र यस्तै अरू अनेक कारणले आए भने नेपालमा कुषाणहरू के कारणले आए ?

उत्तरः– बस्, धर्म प्रचार । धर्म प्रचारको जोश जस्तो ठूलो हुन्छ, त्यस्तो अरू जोश हुँदैन ।

प्रश्नः– त्योभन्दा अगाडि यहाँको धर्म के थियो ?

उत्तरः– कुनै धर्म थिएन । योभन्दा पहिले तिनीहरू बिलकूल असभ्य थिए । मैले कतिसम्म अनुभव गरें भने तिनीहरूले आफ्ना व्यवहार आफ्नै आविष्कारबाट चलाए । उनीहरूका बसोबासबारे भन्छु कि उनीहरू पहिले त सिन्धुलीबाट आए, अरू बाटोबाट आएनन् । सोझो जान सकेनन्, कोही त्यहींबाट अगाडि आए, कोही त्यहींबाट फर्के । सिन्धुलीबाट आउँदा पनि यो बाटो छल्छ । जब सुनकोशी सीधा पूर्व लाग्छ, सीधा पूर्व लाग्दा दायाँपट्टि रामेछाप भन्ने जिल्ला छ, त्यहाँ एउटा ठोसे खानी छ । यो खानी कति अजङ्ग छ भने कैयौं लाख मन फलाम त्यहाँ त्यसै छ, अहिले दाउराको अभावले मात्र बन्द छ । त्यो ठोसे खानीको फलाम ल्याएर तिनीहरू व्यवहार गर्दथे । त्यहाँबाट फलाम ल्याएर कुटा कोदालो पनि बनाउँदथे । बस, बँदेललाई समाएर सुँगुर बनाए, लुइँचेलाई समाएर कुखुरा बनाए । कुकुर भनेको एउटा जनावर क्या हो, क्या हो, संसारसा जहाँ सुकै पनि पुग्दछ । त्यो आफ्नो जातसंग परस्पर विरोधी छ; दुइटा कुकुर त मिल्दै मिल्दैनन् । तर मनुष्यको सेवा गर्नमा कुकुर जस्तो सिपालु कोही छैन; त्यो कहाँ कहाँबाट आएको छ । यी तीन पशु सिवाय थिएनन् । यिनीहरू जङ्गली फलफूलबाट र खेतीसेती गरेर निर्वाह गर्थे ।[४]

यो त भयो इतिहास शिरोमणि बाबुराम आचार्यले – नेपाल र एशियाली अध्ययन संस्थानको टोलीलाई दिएको अन्तर्वार्ता । उनले कुषाणहरू नेपालमा धर्म प्रचारको लागि प्रवेश गरेको कुरा उल्लेख गरेका छन् । अब हामीले यी कुषाणहरू को रहेछन् त ? त्यो पनि जान्नु पर्‍यो ।

"–किराँत राजाहरू संभवतः मथुराका कुषाण राजाका भेषभूषाको अनुकरण गर्थे र सिएको कपडा पहिरन्थे । पशुपतिका मन्दिरमा र अन्यत्र पनि कुषाण राजाका भेषमा रहेका मनुष्याकृति सूर्य मूर्ति पाइन्छन्

४. डा. प्रयागराज शर्मा (संयोजक) धनवज्र वज्राचार्य (प्रश्नोत्तरका सम्पादक), **बाबुराम आचार्य र उहाँका कृति**, नेपाल र एशियाली अध्ययन संस्थान, २०२९, पृष्ठ ४ र ५ ।

ती सबै किराँत राजाहरूले बनाएका देखिन्छन् ।[5]

अब यहाँनेर कुरा के आयो भने यी कुषाण-हरू नेपालमा धर्म प्रचार गर्नका लागि सिन्धुलीको बाटो आएका थिए । तिनीहरू ठोसे खानीको फलाम ल्याएर व्यवहार गर्दथे भन्ने जुन भनाइ बाबुराम आचार्यको छ– यो झूटो हो भन्ने कुरा मैले ठोसेको फलाम खानी देखेको आधारमा म यसरी प्रमाणित गर्दछु–

अहिले ईस्वी संवत् १९८८ र विक्रम संवत् २०४४ साल चलिरहेको छ । यस असाधारण युगमा आइपुगेर मानिसले कैयौं प्रगतिका खुड्किला पार गरिसक्यो । नेपालमा विकसित मुलुकहरूको दाँजोमा वैज्ञानिक प्रगति नभएको पाइए पनि केही न केही विकास आयोजनाहरू सञ्चालन भैरहेकै छन् । हामी नेपालीहरू पनि अन्य देशहरूको प्रगति देखेर अगाडि बढ्न कम्मर कसिरहेकै छौं । जस्तो सान्दर्भिक विषयमैं केन्द्रित होऔं–

रामेछाप जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको पूर्वको सीमानामा पर्ने जिल्ला हो । यहाँको अकाशेमा आजभन्दा केही वर्ष अघिदेखि हवाई सेवा चालू छ । खाडीचौरबाट उकालो लाग्ने हो भने जिरीसम्म दैनिक बस सेवाको सुविधा भएको हुँदा ठोसेलाई त्यति टाढा भन्नु हुँदैन । तर पनि यहाँको यत्रो फलाम खानी आज त्यसै उपयोगहीन भैरहेको छ । ठोसे भेक्चन अनकण्टार जस्तै छ । अझै पनि यहाँ पुग्न उकालो ओरालो, जङ्गल हिंड्नुपर्छ । हम्मेसी जो पायो उही मानिसले मेक्चनलाई सहजै पत्ता लगाउन सक्तैन । त्यो प्राचीन समयमा कुषाणहरूले ठोसेको फलाम ल्याएर सामान तयार गर्थे भन्ने कुरा बाबुराम आचार्यको कल्पनाको उपज हो । यसमा यथार्थता छैन । यस सम्बन्धमा ऐतिहासिक प्रमाणहरू अन्त कतै प्रसङ्गमा उल्लेख गर्नु मनासिब होला ।

अब यो ठोसे खानीको बारेमा केही कुरा कोट्याउँ । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको समयमा वि० सं० १९२१ सालमा एकान फेदीमा 'मेगनिज अड्डा' बस्यो । यो बेला को को कारिन्दाहरू त्यसको अहिलेसम्म कुनै अत्तोपत्तो छैन । त्यस पछि यो अड्डा वि० सं० १९५० सालमा एकान फेदीबाट ठोसेमा सऱ्यो । त्यसवेला यो अड्डाका डिठ्ठा भक्तबहादुर कार्की भएको बुझिन्छ । यस माथिको हाकिम पनि भएको सुनियो तर नाम र पद भने पत्ता लाग्न सकेन । मुखिया सिंहराज श्रेष्ठ र नौसिन्दामा बीरबहादुर श्रेष्ठ भएको बुझिन्छ ।[6]

सैंपू भेडाखोरका हरिप्रसाद पौडेल (हाल मेगजिनको शारदा माध्यमिक विद्यालयका शिक्षक) कै माहिला हजूरबा कृष्णदत्त पौडेलले ठोसेकै मेगनिज अड्डामा सुवेदार भई काम गरेका थिए । त्यो वेला बहिदार पदमा फत्यबहादुर प्रधान थिए ।

मेगजिनमा भएका सामान बनाउने मेशीनहरू सबै काठमाडौंबाट झिकाएको हो । यसबाट हरेक दिन नौ नाल बन्दूक फायर गरी पास गराएर राखिन्थ्यो । बन्दूक सबै फलामकै तयार गरिन्थ्यो । वि० सं० १९६५ साल पछि इन्जायती माल बनाउन

५. बाबुराम आचार्य, **लिच्छवीकालका शिलालेखमा किराँत कालको झलक देवपाटन, भादगाउँ, पाटन र काठमाडौंका किरात नाम**, नेपाली, पूर्णाङ्क १६, पृष्ठ ५

६. काशीरामकी श्रीमती कौशल्या सती जान खोजिन् । ऐन कानूनले सती जाने प्रथालाई नियमित रूपमा मान्यता प्रदान गरेको थिएन । त्यसैले कुनै पनि पत्नीले आफ्ना मृत पतिका साथ सती जान अड्डाको अनुमति पत्र चाहिन्थ्यो । त्यसका निम्ति सैंपूबाट एकजना मानिस रामेछाप, एकजना चरिकोट र एकजना ठोसे मेगजिन अड्डा गएका थिए । कौशल्यालाई सती जान तीनै ठाउँको अड्डाबाट अनुमति पत्र मिल्यो । मेगजिन अड्डाबाट सती जान अनुमति पत्र दिने डिठ्ठा भक्तबहादुर कार्की भन्दा माथिल्लै दर्जाका हाकिम भएको कुरा मलाई हरिप्रसाद पौडेलले बताए ।

थालियो। इन्जायती माल भनेको– कोदालो, कोदाली, हँसिया, डिबिया, ताल्चा, ओदान, मसीको भाँडो, खुकुरी, साँचा, कोरेसो, घोडाको नाल (टाप) आदि हुन्। बम गोला पनि फलामकै बनाइन्थ्यो। सुन्दरी-जलमा मर्मत गरी पास गराउने चलन थियो। इन्द्र चिन्तुर बन्थ्यो।

वि० सं० १९६५ सालपछि बन्दुक बनाउन छोडियो। विदेशबाट नयाँ नयाँ किसिमका हात हतियार आउन थाले, मेगजिनमा पनि इन्धनको अभाव भयो। मुख्यतः यिनै दुई कारणले यहाँ बन्दूक बनाउन छोडियो। बि० सं० १९७३ सालमा फलानखानीको ठेक्का पूर्व ३ नम्बरको साङ्गे लामाले लियो। यो सित काम गर्ने अन्य कामदारहरू– रूम्जाटारको गणेशबहादुर खत्री, बालकृष्ण श्रेष्ठ र गुणबहादुर थिए। त्यसपछि पूर्व ३ नम्बरकै छ्योङ भन्ने तामाङले ठोसे फलामको ठेक्का लियो। योसित काम गर्ने मानिस बरवान सिं तामाङ, अर्वसिं तामाङ र शुभसिं तामाङ थिए।

यी ठेकदारहरूले ठोसेको फलाम १ रूपियाँमा ६ धार्नी खरीद गरी १ रुपैयाँको ४ धार्नीका दरले बिक्री गर्थे। वि० सं० १९७७ सालमा बहिदार फत्यबहादुरले ठोसे फलाम खानीको ठेक्का लिए। दरभाउ चाहिं माथिकै रह्यो। वि० सं० १९८० साल श्रावण १४ गतेदेखि सरकारी तवरबाटै ठोसे फलाम खानीको ठेक्का तोडियो। मेगजिन नजीकैको खिम्ती खोलामा अझ हजारौं हजारौं वर्ष खप्ने जस्तै देखिने फलामको पक्की साँगु छ। यो साँगु पटासे गाउँ बस्ने बागसिं (खनेल समुदाय) ले बनाएको थियो। यस किसिमको पक्का फलाम हिजोआज देखिन छोडेको छ। ठोसेको फलाम सदुपयोग गर्न सकियो भने अझै पनि नेपाली-हरूले बलिया बलिया भाँडाकुँडा बनाउन सक्थे। अब पक्का फलाम कसरी तयार हुन्छ, यस सम्बन्धमा छोटो चर्चा गरौं।

सबैभन्दा पहिले खानीबाट धाउ झिक्ने। यसरी झिकिएको धाउ कुटी धूलो पारी पानीमा धुनुपर्छ। त्यसमध्ये ढुङ्गो र माटो बगेर जान्छ। फलाम बनिने धाउ चाहिं त्यहीं रहन्छ। अब धाउ गाल्नुपर्छ। बिहान १० बजेदेखि गाल्न थालेको धाउ बेलुका १० बजेतिर मात्र झिक्न मिल्छ। त्यसमा आफल लगाउनुपर्छ। यसपछि काँचो फलाम ढिक्का ढिक्का भएर तयार हुन्छ। त्यस बीचमा विदेशको फलाम र ठोसेको फलाम गाँसिन्छ। ठोसेको फलाम नहाली विदेशको मात्र फलामले ताउ लाग्दैन (जोडिंदैन)। काँचो फलामलाई कालीगढले आरनामा गाली इच्छानुसारको सामान बनाउँछ।

देव शमशेरले मेगजिनमा काठमाडौंबाट फलामका सामान बनाउने मेशीन झिकाए। यो मेशीनले इन्जायती माल, गोला, बन्दूक, घन, कुञ्जा (घनको सानो भाग) बनाएको जानकारी प्राप्त भएको छ। मेगजिनमा १९६५ सालतिर दिन भरि भरि आरन चल्थ्यो। देव, लेखिएको मेशीनको चक्का छात्रावासभन्दा दक्षिणपट्टि त्यसै मिल्किरहेको छ। यसभन्दा अतिरिक्त बन्दूक बनाउने र गोला बनाउने मेशीन पनि यत्रतत्र छरिएका छन्।

वि. सं. १९८० सालपछि फलामको ठेक्का तोडियो। त्यसपछि मेगजिनबाटै फलाम खरीद गरी सरकारी मालसामान बनाउने गरी कोते[7] मोतीमान यो काममा सरिक भयो। यसपछि ठोसे खानीको फलामबाट मेगजिनमा घोडाका नाल, मसीका भाँडा, ताल्चा, कोदाली बन्न थाले। हिजो आज यहाँको फलामबाट मेगजिनकै कामीहरू कुखुराका भाले, विभिन्न थरी चराहरू र अन्य केही साधारण कुटा, कोदाला आदि अडरका सामान बनाउँछन्। पहिला मेगजिनको नामी कालीगढ धनपति नकर्मी भएको जानकारीमा आएको छ। मोतीमान नकर्मीले सरकारी पैसा ल्याएर फलामको काम गरेको थियो, तिर्न सकेन। पछि त्यसको कबुल गर्ने निजकै सौतिनी भाई इन्द्रलाल नकर्मी थियो। यसले पनि इन्जायती सामान बनाएको कुरा जानकारीमा आएको छ। त्यो बेला

७. कोते भनेको नाइके हो।

आफूले बनाएको इञ्जायनी मालताल टुँडिखेल मुनिको "इञ्जायनी सटही बिक्री अड्डा"मा पु-याएर बुझाउनु पर्थ्यो ।

वि० सं० २००७ सालमा एकतन्त्रीय राणा शासन समाप्त पार्न ठाउँ ठाउँमा सभा जुलुसहरू भए । त्यसमध्येको कांग्रेसको जुलुसलाई मुख्य रूपमा लिन सकिन्छ । कांग्रेसको हुल मेगजिनमा ४ दिन बसेको थियो । यसमा चतुरमान राई कांग्रेसको नेता भएर आएको थियो । अन्य मानिसहरूमा गोब्रेटारको हवल्दार नरबहादुर, दोर्जेको दिलबहादुर कार्की, गोब्रेटारकै पद्मबहादुर भण्डारी र दोर्जेकै पहलध्वज कार्की मुख्य थिए । मेगजिनमा छाना थियो, त्यसलाई भत्काएर उनीहरूले ओछ्याए ।

२००७ साल माघ १९ गते मेगजिनका सारा कागजपत्रहरू कांग्रेसका मानिसहरूले उठाए । हाल पुलीसचौकी बसेकै ठाउँमा मिलिसिया (सिपाही) बस्थे । यो ठाउँमा ६ नाले बन्दूक पनि थियो । मेगजिनका ऐतिहासिक कागजपत्र पोल्न ६ नाले बन्दूक झिक्न अडर गर्ने प्रीतिको मानबहादुर सुनुवार हो । अहिले ठोसे मेगजिनका सम्बन्धमा यथार्थ इतिहास तयार पार्न चाहिने कागजपत्रहरू सबै नष्ट भैसके । त्यहाँको इतिहास बुढापाकाहरूको स्मरण शक्तिमा सुरक्षित रहेको पाइन्छ । शान्ति दल भन्ने १४ जनाको फौज आएको कुरा यहाँका देख्ने मानिसहरू बताउँदछन् ।

शुरूमा ठोसेमा पञ्चायत बस्यो । त्यसवेला प्रधानपञ्चमा हरिबहादुर प्रधान चुनिएका थिए । उप–प्रधानपञ्चचाहिं धनबहादुर थिए । १२ जना सदस्य थिए । तीमध्ये चोप्राङ्गको लालबहादुर श्रेष्ठ पनि थियो । त्यसवेला ठोसे पञ्चायतको सीमाना लिखु खोला पश्चिम, छहरे खोला र चीसापानी डाँडा, पूर्व उत्तरमा चेर्तुङ र दक्षिणमा भित्तरी खानी यति चार किल्ला तोकिएको थियो । १९९६ को पञ्चायतमा प्रधानपञ्च पनि हरिबहादुर प्रधान नै भएको जानकारी पाइएको छ ।

कांग्रेसको शान्तिदल आएर मेगजिनका सामान नष्ट भ्रष्ट पारेपछि २००७ सालदेखि खानी बन्द भयो । अहिले त यहाँ अन्तको फलाम ल्याई मालताल बनाइएको कुरा प्रत्यक्ष देख्न पाइयो । मेगजिनमा रहेका सरकारी सामानहरू वि. सं. २०२४ सालमा लीलाम भएको कुरा सुन्नु पर्दा खल्लो लाग्नु स्वाभाविकै हो ।

ठोसेमा १८ वटा फलाम खानी भएको तथ्य फेला परेको छ । तिनीहरूको नाम यसप्रकार छ–

१. डाँगर जिगर २. सोत्तरे ३. ढढुवा ४. जौवारी ५. कोप्चे ६. चुचुरे ७. लाप्चाने ८. ढुङ्गागाडे ९. कुम्लुङ १०. अजम ११. रोहोटे १२. मैदाने १३. सिगटी १४. भित्तरी १५. कपासे १६. सुइटे १७. खोलाखर्क र १८. झरेनी । यसभन्दा अतिरिक्त खिम्तीखोलादेखि उत्तरपट्टि गुन्सागाउँ र पढासेमा पनि फलाम खानी भएको सुराक लागेको छ । गुन्साको सबैभन्दा राम्रो धाउ हो भन्ने व्यापक चर्चामा आएको छ । यहाँ ८७ लाख टनभन्दा बढी फलाम भएको तथ्य जापानीहरूले गरेको सर्वेक्षणबाट पत्ता लागेको छ ।[8]

अब आरनको बारेमा एउटा रोचक प्रसङ्ग छ । चारपाटे काठ(ल्याई ओछ्याएपछि) दुइतिर चक्का बनाइन्छ । त्यसलाई चन्द्र सूर्य भनिंदो रहेछ । चन्द्र सूर्य भनिने छालाले मोडी माझमा प्वाल पारी माथि दलिनमा बाँध्ने (चन्द्रसूर्य खोपिल्टो) । तलबाट नाल जोडेर बतास जाने ठाउँलाई वायु देवता भनिंदो रहेछ । डोरीलाई नाग देवताका रूपमा चिनिन्छ । आगो भएपछि फलाम तात्यो, त्यो लीहिलाई भैरव भनिन्छ । घनलाई हनुमान्, घन उठाएर हान्नेलाई दिक्पाल, आगोलाई अग्नि देवताको रूपमा चिन्हिन्छ । आगो मिलाउने फलामलाई (कुकुना) नारद ऋषि, च्याप्ने सनासोलाई नित्येश्वर (नित्यनाथ), घन चुट्नेलाई दिक्पाल, फलाम च्याप्नेलाई बांग सनासो र सनासो समाउने मूल कर्मीलाई विश्वकर्मा भनिंदो रहेछ । फलामलाई लोहासुर दैत्य भनिने, आगाको ज्वाला ह्वारह्वारती निस्कँदा बालुवा हालिन्छ– त्यो बालुवालाई

८. हरिबहादुर प्रधान र हरिप्रसाद पौडेलद्वारा प्राप्त जानकारी

विष्णु देवता भनेर नामकरण विश्वकर्माले नै गरेको पाइन्छ।

त्यसपछि सनासोले कसरी फलाम च्याप्ने भन्ने कुरा त्यहाँ कसैले जानेन। यो काममा विश्वकर्मा समेत अलमलमा पऱ्यो। त्यही वेला अगाडि आएर कुकुर बस्यो। उसले आफ्ना अगाडिका दुइटा गोडा सनासो झैं राखिदियो। त्यही देखेर विश्वकर्मालाई तातो फलाम च्याप्ने ज्ञान भयो। त्यसपछि त पाईन हाल्ने, पानीमा चोबल्ने र मलुवालाई खरो बनाउने कुरा पनि विश्वकर्माले जानिहाल्यो।[9]

हरिबहादुर प्रधानका घरमा रहेको एउटा ऐतिहासिक पत्रको नकल उतार

श्री

स्वस्ति श्री रकम. वंदो वस्त अडा कस्ये पत्रम् आग्ये धीं भारोको नाती चेत नारांको छोरा पुर्व २ नंवर ईलाका. ठोसे बजार वस्ने ब. फते वहादुर प्रधां कस्य फलां खानीको फलाम्. य क हट्टी रकम्. वषान सीं लामाका नांउमा ७५ साल श्रावण १५ गते देखी. त्री साल ठेक्का लागेको. मा अव उप्रांत तयारी माल स्मेत. भोट् मुग्लां लान नपाउने सनद गरी दी कवुलियत पट्टा समेत फेरी दीनु हुकुम वक्से मुतावीक ७६ साल आषाढ १ गते का १ छापे पुर्जि वमोजीम्. मैबंध हुदा. सावीक वमोजींको ठेक बुझाउनामा कवुल मंजुर नगरी लेखीयाका उजुरीवाट बुझी खानीको. कटाई काठ् काट्न दीयेन आग्री खनेललाई दोहरा रकं लाग्यो भनी य मा अडैबाट नीकासा हुने र खानीको सनद लाल मोहरको भीत पायन भनेमा सनद लाल मोहर भया नभयाको बुझी ठहरे माफीक हुने हुदा हाल तेसरी पोट्वाट नीकासा दीन नपर्ने र यो ठोसे खानीको फलांको तयारी माल स्मेत् भोट् मोग्लां लान नपाउने भया सावीक ठेक्मा रु ५६२।५० कटाई रु ५६२।५० र. ठोसे मेगजींको कामलाई सावीक. फलां धार्नी १८४०० मोरु १। को ६ धार्नीका दरले बुझाउने मा पनी धार्नी ४४०० घटी धार्नी १४००० मात्र बुझाउनामा सावीक ठेकदारले कवुल गरेको मैं. सवाल वमोजीं तारेख मुकर ७५ साल श्रावण २१ गते मैं दसखत हुदा देउसीं पुर्ण वहादुरले ठेक् मोरु ६०७।५० मेगजींलाई चाहीने फलाम्लाई धार्नी. १४००० मात्र वुझाउनमा कवुल गरेकोमा अम्ले वढी कबुल नगरेको भोट् मोग्लाना लगी नुन सटही गरी खाने गरी आउने रैतीलाई भोट् मोग्लान् यंहा छदा नुं खान नपाई पीर वाधा पर्ने स्मेत देखीछ तापनी फलामे माल बनाई ज्यादा भोट् मुगलां नलाने हुदा. रैतीहरूको घर खर्चलाई चाहीने फलां खरीद गर्नै नपाई ...... र पर्ने भयाकोले वंध भयको भोट् मोगलान षुला गर्नु पर्छ भंन्न नभयेको सुंदरीजल भंग जीं काले खोट्बाट ठोसे मेगजींको कामलाई सावीक वमोजीं फलां धार्नी. १८४०९ दीने वंदोवस्त गर्नु पर्ने देखीनाले. सावीक वमोजीं मेगजींलाई चाहीने फलां दी. नीज पुर्णवहादुर देउसींले कवुल गरेको ठेक्कामा. सयकरा ५ वढी मोल् ९३७।८७।२ का दरले. साल सालको ठेक् गरी महसुल वुझाउनामा कवुल गरी व. फते वहादुरले दीपोजीत नपठाई तारेख पछी द्रकास्त पठाउनेले रकम नाउने भया तापनी सावीक ठेक् मोरू ४०७।१२।२ घटाई मोरू ६३७।८७।२ का दरले वुझाउने र मेगजींलाइ चाहीने सावीक वमोजीं फलां धार्नी १८४०० बुझाउने या कवुल गर्ने नीज फतेवहादुरकै नाउमा त्री साला ठेक्का वंदोवस्त गर्नु भंन्ने सदर गरी बकसे नीजलाई त्री साला पट्टापुर्जि गरी दीने र ७६ साल श्रावण १५ गते देखी पहा वमोजीं तयारी माल भोट लान पाउने देखीयाकोले सावीक वमोजीं यो ठेक तीर्नु पर्ने होइन भंन्ने सावीक ठेकदार वषान सीज्वको उजुर हुनाले सो श्रावण १५ गते देखी हाल वालाको भयका यहाको ठेक अघीला दीं सम्मलाई हाल वंदोवस्त भयाको ठेककं दामासाहीले ठेक कवुल गर्नु भंन्ने दोलखा मालका नाउमा अडैको पुर्जी गरी दीने ठहऱ्याई यसै अडावाट जाहेर गरेको रीपोट् मा. मुन्छी अडा रीपोट् पैला फाटबाट तारेख पछी दीपोजीट पठाई प्रकास्त गर्ने वा तारेख भीत्रै भया पनी सैंकर पले दिपोजीत पठाई हुलाकबाट तार चीठी प्रकास्त पठाउने सो कवुल गरेको ठेक जतीसुकै बढी भया

९. हरिवहादुर प्रधान र हरिप्रसाद पौडेलबाट प्राप्त जानकारी

पनी तेसले पाउदैन खोजी गरी रहनु र जाहेर गरी रहनु स्मेत पर्दैन भंन्ने मुलुकी सवालको ७ डफामा लेखी याको हुनाले वढी कवुल गरे तापनी तारेखपछी दीपोजीत स्मेत पठाई द्रखास्त पठाउने फतेवहादुरले पाउछ भंनै नहुने तारिख. का दीन बढी कवुल गर्ने पुर्णवहादुर देउजीलाई ठोसे मेगजीलाई चाहीने फलां वढी वुझाउने मैर्का हर्जा होलाकी भंन्नालाई पनी सो रु ६३७७।२०२७ जापनी माल थान १७०६८ के धार्नी ६९००९२ =॥६। डापासाहीले कोट्खानाका आडर वमोजीं माल तयारी गरी दी. वाकी रूपैञाको सयेकरा–पले मुनफा र ठेक दारवाट आउने फलां धार्नी १८४०० छोक सरात ८६६।९।२।२ को ३ ले वुझाउने गरी मेगजीका नाउमा सनद भयाकाले घटी फलांको दर कसरात. संम्म घटन जाने फलां धार्नी १४००. बुझाउने भयेपछि कामै हर्जा नहुने स्मेत भै सो मुलुकी सवाल काटी अरु तोक गरी वक्सनु पर्छ भनी अडाले वींती चदाउन मुनासीव नपर्ने हुनाले. साविक ठेकमा रू ५१७।४० पाचसहे सत्र पचास पैसा फलां बुझाउनेमा ४४०० चवालीस सहे धार्नी घटे तापनी म्यादको दीन सबै भंदा वढी कवुल गर्ने नीजै देउसीं पुर्ण वहादुरलाई श्रैं सवालको रीत पुऱ्याई त्री साल ठेक्का वंदोवस्त गर्ने गरी तयारी माल् भोट मुगलां लान नपायाको ७६ साल श्रावण १५ गते देखी हालवाला लाई भयोका पटाको अघीलो दींसम्मलाई हाल कै ठेक्काका दामा साहीले असुल गर्ने. मुनासीव ठहराई वोलेका जो ६ मा यस्मा तारेखका दीं देउसीं पुर्न वहादुरले कवुल गरेको जम्मा. फलांमा. ४४०० धार्नी वढाई सावीकै वमोजीं र नगदीमा सये करा पचास वढी तारेख पछी कवुल गर्ने फते बहादुरलाई नै यहा कवुलीयत गराई दीने गरी सदर भंने खड्गनीसानादार ७७ साल श्रावण ८ गते २ मा सदरभै आयेको हुनाले तोकसदर वमोजीं मुतावीक सो ठोसे मेगजीं फलां खानीमा सावीक दरीभ ली आयाका खानीको फलां खनेल रैतीवाट खरीद गर्दा मोरू १। को मलुवा फलाम् धार्नी ६ डर्का फलां धार्नी १०९ का दरले खरीद गर्ने र ठोसे मेगजींलाई चाहीने मलुवा फलां साल १ को धार्नी १८४०० दी धार्नी ८ को रू १। ले मोल लीने हुनी . . . वीक्री गर्दा मो रू १। को फलां धार्नी. ४। डर्का धार्नी ८९ का दरले वीक्री गर्ने फलां १ हट्टी रकंको ईस्तक संवत् १९७७ साल श्रावण १५ गते देखी ८० साल श्रावण १४ गते तक वर्ष ३ लाई दर वर्ष १ को ठेक् रु ६३७।८७।२८.५ ब्र दस्तुर मौह वा स्मेत रु ६३८।८७।२ का दरले वर्ष ३ को ज्मावेसी जुजुटै मोरू १९१६।६२।२ उन्नाईस सहे सोह्र वयासठ्ठी पैसा दुई दाम् मध्ये पैला सालको ठेक कवुलीयेत भयाका मीती. आजै गनी मसुल बुझाउने दोश्रा तेश्रा सालको ठेक बुझने मीती पुग्ने मीती पुग्ने १ मैना अगावै आखाड १५ गते यस अडामा गनी मसुल बुझाउने गरी तपसीलका मानीसलाईं धं. जमानी ली त्री साला ठेक ईजाजत गरी दीञ्यू सो रकंको काम काज गर्दा सावीक गरी खानी खनाई फलां तयार गर्न लगाई तयारी फलां मो रू १। को मचुवा धार्नी ६ डर्का १० का दरले सुफत मोल दी. खरीद गरी लीनु ठोसे मेगजींलाई सावीक वमोजीं दीनु पर्ने यचुदा फलां धार्नी १८४०० अठार हजार चारसहे को मोरू १। को धार्नी ८ का दरले मोल लीनु वाकी फलां रैती छुतीयामा वीक्री गर्दा मोरू १। को मचुवा फलां धार्नी ४९ डर्का धार्नी ८९ का दरले विक्री गर्नु सो वाकीवाट उपजाय ५। का फलां काचो पाको र सो फलां १।८ नया र यप्राइ ३ हात हतीयार तयारी माल इ . . . भोट मुगलान लान पाउने छैनौ सो खानीको फलाम् ठेकदार वेवरजील अरूले खरीद वीक्री गरेको भोट् मुग्लां तर्फ लगेको फेला परे पक्री ६५ साल वैसाष १ गतेका तोक सदर वमोजीं पैला पटक माल जफत गरी र दोश्रा पटक देखी वीगार वीगो वमोजीं दंड स्मेत गरी लीनु भोट् मुग्लां लाने मानीसलाई पक्री नजीक अड्डा अड्डामा . . मा लगी सपुर्त गर्नु. यस कांलाई चाहीने कांदार कारींदा खर्च र अरू जो चाहीने खर्च स्मेत ठेक बाहेक तीम्रा घर घराना-वाट राखी कां चलाउनु यस रकंको ठेक दस्तुर समेत माथी लेखीया वमोजीं साल सालको ठेक मध्ये पैला सालको ठेक दस्तुर आजैका मीतीमा गनी महसुल वुझाई दोश्रा तेश्रा सालको ठेक साल तमाम हुने १ मैना अगावै आखाड १५ गते गनी महसुल

वुझाइ रसीद ली मात्र रकं चलं गर्नु लेषीयाको मीतीमा गर्नी महसुल गरी वुझाउनु सकेनौ र ठोसे मेगजींवाट खरीद गर्ने फलां मार्थी लेषीया वमोजीं नदी काम अडकायौं र आग्री खनेल रैती दुनियालाई पीर पारी खरीद वीक्रीमा घटी वढी पारी. खरीद वीक्री गर्‍यौ पानीबाट उपजेको फलां दुनियामा वीक्री नगरी मोगलान नीकासी गर्‍यौ भने स्मेत ग्रैन वमोजीं सजाये स्मेत गरी तीम्रा नाउमा भयाको पट्टाको मीती नपुगे तापनी तीमीबाट रकं टोडी अरूका साथ वंदोवस्त हुनेछ मेरा नाउमा भयाको यहाको मीती नपुगी मबाट रकं तोडीनु पर्ने होईन भनी खरीद वीक्रीको काम गर्दा केही वेहोराले ठेकने छैनौ. भनी कीतापी सवालका १ दफा वमोजीं अडैवाट वहालीको पट्टा पुर्जि गरी दीन्यू आफु खातीर जामासंग. त्रीसाल ठेक ईजराजानी रकं चलं गर्ने काम गर–

तपसील

धं जमानी

पुर्व २ नंम्वर ईलाका कोपचे फलां खानी वस्ने अवसीं लामा––२

ईती संवत १९७७ साल श्रावण २१ गते रोज ७ शुभम––

## नेपाली कागज कारखाना

ठोसे भेगमा हाल चालू रहेको नेपाली कागज उद्योग छ। यसलाई अझ आधुनिकीकरण गर्ने प्रयास भैरहेको छ। सो कागज कारखानाको नाम–श्रेष्ठ कागज कारखाना हो। यसको अधिकृत पूँजी रू ५० हजार भएको देखिन्छ। यस उद्योगबाट हाल २० जना श्रमिकहरूले रोजगारी पाएका छन्। कागज कारखानाको रेखदेख गर्ने मालिक लक्ष्मीलाल श्रेष्ठ हुन् र नाइके चाहिं सागरलाल छन्। ठोसेको नेपाली कागज उद्योग स्थापनाको प्राथमिक अवस्थामा दुई जनाको नाममा थियो। वि० सं० २०२६ सालमा विधिवत् उद्योग दर्ता भएको थियो। माधवलाल श्रेष्ठको नामबाट २०४० साल असोज १३ मा लक्ष्मीलाल श्रेष्ठको नाममा नामसारी भएको हो। उद्योगको सबै प्रशासनिक कामकार्यवाही ठोसे बजारबाट हुन्छ र कच्चा पदार्थको सुविधाका हिसाबले चाहिं कागज उद्योग दोलखा जिल्लामा रहेको छ। मामूँ, श्यामा, चंखु र सुरी गाउँ पञ्चायतहरूबाट कच्चा पदार्थ लिइन्छ।

लोगटी (लोकटा) एक किसिमको पोथ्रो हुन्छ र यो ६।७ हजारदेखि १० हजार फीटसम्मको उचाइमा पाइन्छ। सबैभन्दा पहिले यसको बोक्रा कुटेर झिकिन्छ। बोक्राको बाहिरी भाग सफा गरिन्छ। त्यसपछि सफा गरिएको त्यही बोक्रालाई सफा पानीमा ढड्याउनुपर्छ। चीसो पानीमा ढड्याएको केही समयपछि झिकेर आवश्यकतानुसार ठूलो भाँडोमा राखी उसिनिन्छ। चाँडै गलाउन रासायनिक केमिकल (काष्टिक सोडा) राखे वेसै हुन्छ। गलिसकेपछि ओरूली परेको ढुङ्गामा कुट्ने, राम्ररी गलेको भए ४, ५ घण्टामा कुटिन्छ, नगलेको भए अझ बढी समय लाग्छ। मिहीन भैसकेपछि एउटा भाँडामा आवश्यकतानुसार पानी हालेर घोलिन्छ। कागज कुन साइजको बनाउने हो? २०×३० साइज, हाल २१×३१ को साइजमा फ्रेम बनाइएको हुन्छ। सफा पानी भएका ४, ५ वटा (आवश्यकता र कामदार अनुसार) टयाङ्की बनाएको हुन्छ (यहाँ टयाङ्की भन्नाले पोखरी भन्ने बुझ्नुपर्छ)। साथै यो टयाङ्की करीब करीब १२ इन्च अग्लो बनाउनुपर्छ। पोखरी फ्रेम (यसलाई सेरे पनि भनिन्छ) भन्दा फराकिलो हुनु पर्ने, फ्रेमको जाली (कपडाकै बनाइन्छ) काठमाडौंबाट ल्याउने गरिएको छ तापनि यसको जडानचाहिं यहीं हुने गर्छ।

त्यसपछि फ्रेमलाई पानीमा चोबलेर ब्रसले सफा गर्ने, आवश्यकतानुसार अघि तयार गरेको लोगटी सानो भाँडोले उघाएर पानीमा राखेको फ्रेममा राख्ने र त्यसलाई सन्तुलित रूपबाट चलाइरहने। केहीबेर चलाएपछि फ्रेमसाथ झिक्ने, लसाहरू (कागज बनाउने लोगटीको लसा) फ्रेममा टाँसिन्छ। यसपछि पानीबाट झिक्ने र घाममा सुकाउने। घामको राप अनुसार १०।१५ मिनेटमा सुक्छ र सुकिसकेपछि फ्रेमबाट आफैं छुट्टिन्छ। यसरी नेपाली कागज तयार हुन्छ।

यस किसिमको परम्परागत नेपाली कागज १० ताउको १ ढेप, २० ढेपको १ कोरी र १ कोरीमा २०० ताउ हुन्छ। यो कागज काठमाडौंका प्रेस, स्टेशनरीका दोकान र अफिसमा पुऱ्याइन्छ। जिरीसम्म भरियाले बोकेर पुऱ्याउँछ, त्यसपछि मोटरबाट काठमाडौं पुऱ्याइन्छ। लामोसाँगु जिरी सडक निर्माण नहोउञ्जेलसम्म ठोसेदेखि भरियाबाट बोकाएरै नेपाली कागज काठमाडौं पुऱ्याइन्थ्यो। कारखानाबाट उत्पादित कागत क्यालिटी अनुसार हाल १ कोरीको रु. ६०। देखि रु. ७०। सम्म पर्छ। काठमाडौं पुगेपछि ढुवानी भाडा समेत जोड्दा सरदर १ कोरीको ८०। देखि रू ८५। सम्म पर्न आउँछ। बजार नपाएको अवस्थामा कागजको मूल्यमा ह्रास पनि आउन सक्छ। कारखानाका कामदारहरूले कागजको कोरीको हिसाबले पारिश्रमिक पाउँछन्।

नेपाली कागज बनाउने प्रविधि प्रकाशित विवरण अनुसार निम्नानुसारको देखिन आउँछ।

"जङ्गलबाट ल्याएको लोक्तालाई सफा गरी पानीमा २% देखि ५% सम्म सोडा हालेर नरम बनाउन १।२ दिनसम्म भिजाइन्छ। त्यसपछि काष्टिक सोज र लोक्ताको तौलको ५% हालेर १।१½ घण्टा पकाई पकाएको लोक्तालाई धुलाई गरेर काठको मुग्रोले ढुङ्गामा राखी कुटेर लेदो बनेपछि, सफा पानीमा लेदोलाई धुलाई गरी सफा भएको लेदोलाई सेतो गराउने केमिकल ब्लिचिङ पाउडर लेदोको तौलको ८–१७% सम्म हालेर सेतो तुल्याइन्छ र कागजमा मसी नफुलोस् भन्नाको निमित्त २।२% का दरले रोजिन र फट्किरी पकाएको झोल मिसाइन्छ। लेदो राम्रोसंग तयार भएपछि तारको जालीको फ्रेमबाट कागज ताउ बनाउँदै एक माथि अर्को कपडा राखी, प्रेस मेशीनले पानी निचोरी घाममा सुकाइन्छ। घाममा सुकेपछि प्रेस मेशीनमा तह-तह कागजलाई प्रेस गरी कटिङ्ग गरी बिक्रीयोग्य कागज तयार हुन्छ।[10]

अहिलेसम्म हाते कागज उद्योग सञ्चालित भैरहेकोमा सागरलाल श्रेष्ठ यस विषयमा तालीम प्राप्त गरी जापानी प्रविधि (घरेलुमा प्रशिक्षण दिइए अनुसार) प्रयोग गरी कागज बनाउन शुरू भैरहेको छ। यसबाट पहिलेभन्दा राम्रा क्यालिटीको कागज उत्पादन हुने र आयस्रोतमा समेत अभिबृद्धि हुने देखिएको छ। सागरलालले त्रिपुरेश्वरमा हाते कागज आयोजनामा ६ महीने तालीम प्राप्त गरेका हुन् र यस्तै तालीम प्राप्त गरेका श्रेष्ठ कागज कारखानामा जम्मा ३ जना कामदार भएको तथ्य बुझिएको छ।

ठोसे भेगमा नेपाली कागज उत्पादन गर्ने एउटा समस्या देखापरेको छ। त्यो के समस्या हो भने कागज बनाउने उद्योगले विधिवत् लाइसेन्स प्राप्त गरिसकेपछि पनि कच्चा पदार्थको माग गर्न पुनः वन विभागमा आइरहनुपर्छ। वन विभागबाट आदेश लिएपछि सम्बन्धित जिल्ला वन कार्यालयले कच्चा पदार्थको संकलन क्षेत्र तोकेर करार (संम्झौता) गरिन्छ। करारनामा समाप्त भएपछि पुनः करारनामा गर्न वन कार्यालयको सिफारिशमा वन विभागबाट पुनः आदेश ल्याउनुपर्छ। आदेश कहिलेकाहीं ढिलो पनि (१, २ वर्षसम्मको) हुनसक्ने भएकोले उद्योग बन्द गर्नु पर्ने बाध्यता पनि आउँछ। कच्चा पदार्थ संकलनका लागि सम्बन्धित वन कार्यालयले अनुमति दिन ढिला हुने भएकाले यस दिशामा एउटा ठूलो समस्या खडा भएको छ। दाउराको लागि पनि सम्बन्धित वन कार्यालयबाट अनुमति लिनुपर्छ। यहाँ कसै कसैले जङ्गल फडानी गरी दाउरा बालेर फ्रेम सुकाउने गरेको पनि पाइयो। घाममा भन्दा दाउरा बालेको आगोमा फ्रेम चाँडो सुक्नसक्छ। जङ्गलभित्रै निस्फिक्रीसंग दाउरा बालेर 'हरियो वन, नेपालको धन' लाई नाश गर्न खोज्ने पक्षलाई निरुत्साहित पार्न सम्बन्धित पक्षबाट समय समयमा रेखदेख भैरहनु आवश्यक अनुभव हुन्छ।

### कागते समुदायको अध्ययन

रामेछाप जिल्लाको लेखाली भेगमा कागते समुदायको बसोबास पाइन्छ। तातोपानी, नोप्रा, पासवार

१०. **'नेपाली हाते कागज'** भन्ने पुस्तिकाबाट

फेदी, ढुङ्गारे, खोस्मिरे, पाखे बनौती, सुर्के बिरौटा, नयाँ थर्करी कागतेको बसोबासित क्षेत्र हो। यो भेग ठण्डा छ। १० हजार फीटको उचाइमा भएको हुँदा यहाँ धेरै जसो समय कुहिरोले ढाकिएको हुन्छ। बिहान एकैछिन् घाम लाग्छन्। त्यसपछि बिलाई हाल्छन्। यहाँबाट रामेछाप बजार ठोसे, बाम्ती भण्डार हुँदै पाँचपोखरी काठमाडौं पुग्न सकिन्छ। साथै साँगुटार ओखलढुङ्गा पुग्न पनि लोप्राबाट पाइक पर्छ। लोप्राको नजीकैका गाउँहरूमा नामाडी बेताली, यासावादी, भेरी खर्क, थर्करी, सैपू, साभ्रा, फेदी खोस्मिरे, ढुङ्गारे आदि गाउँ पर्छन्। यो भेगमा पाइने पोथ्राहरूमा खस्रु, बाँज तिलके, गुर्मिस झिंगती, उत्तीस आदि पाइन्छन्। झारहरूमा बन्सो, रत्नाउलो, गौरीझार, दुवो, सिरू, खर्की आदि उम्रिन्छन्। यो भेग लेख परेको हुँदा हिउँद महीनामा निकै हिउँ पर्छ। त्यसैले प्रायः चीसो भैरहन्छ। यहाँ त्यति नदीनालाहरू भएको बुझिएको छैन। ३ ओटा साधारण खालका ठाडा खोला छन्। लोप्रा भेगका मानिसहरू निकै टाढाटाढा छरिएर बसेका पाइन्छन्। त्यसैले वस्ती पातलो छ। एक ठाउँमा ५, ६, १०, १२ भन्दा बढी घरहरू भएको पाइएन। तर वेंसी-तिर बाक्लो वस्ती पाइन्छ। यो लेखाली भेग भएको हुँदा आलु, मकै, गहुँ, जौ मुख्य अन्नको उत्पादन हुन्छ। फागुनमा छरेको मकै कार्तिक महीनातिर पाक्छ। यहाँ धानको खेती हुँदैन। तल वेंसीतिर भने धान फल्छ र मकै, गहुँ, जौ पनि चाँडै नै पाक्छ। आलु मंसीर-देखि फागुन महीनासम्म रोपिन्छ र साउनमा खन्नु हुने गरी तयार हुन्छ।

लोप्राभेगमा बढी त कागते समुदायकै बसोबास भएको बुझिएको छ। यिनीहरूका जन्मदेखि मृत्यु पर्यन्तका सारा संस्कारहरू अन्य समुदायका मौलिक संस्कारहरूसंग पनि मेल खान्छन्। यिनीहरूका पनि बच्चा जन्मिएपछि न्वारान नगरून्जेल सुत्केरीलाई छुनु हुँदैन। ३ देखि ७ दिनसम्मका बीचमा न्वारान गरिन्छ। कागते समुदायको पुरोहित लामा हुन्छ र उसैबाट न्वारान संस्कार गरिन्छ। न्वारान गर्दा पढिने पुस्तकलाई उनीहरू साङ भन्दछन्।

न्वारान गर्दा चाहिने मुख्य–मुख्य सामानहरू जौ, तिल, काँचो धागो, घ्यू (बत्ती बाल्नको लागि) चढाउन (पितर्न) का लागि रक्सी जाँड चाहिन्छ। न्वारानमा भात पकाइन्छ। खसी काटिन्छ। खसी काट्ने सावगास नभए कुखुरा भए पनि काट्नुपर्छ। त्यसपछि लामाले जुराएर बच्चाको नाम राख्छन्। कागते समुदायको नामकरण गर्दा वारको अनुसार गरिन्छ। जस्तो आइतवार जन्मिएको बच्चाको नाम–ङीमा, सोमवार दावा, मंगलवार नोङमार, बुधवार हाक्पा, बृहस्पतिवार फुर्पा, शुक्रवार पसङ र शनिवार जन्मेका बच्चाको नाम तेम्बा राखिन्छ। सुत्केरी चोखिन लामाले पानी मन्त्रेर खुवाउनुपर्छ। खुवाउने चीजमा ल्वाङ, मरीच, जाइफल, सुकमेल, जजङ्दूप (जङ्दूप ?) राखिएको पाइन्छ। यसरी न्वारान गरेपछि सुत्केरीले आगो र पानी मात्र छुनुहुन्छ। देवतापितृका लागि २२ दिन नभै चोखिंदैन।

न्वारानपछि पास्नी संस्कार गरिन्छ। कागतेहरू ३ देखि ६ महीनाको बीचमा पास्नी गर्छन्। एक किसिमले घरायसी परिस्थिति अनुरूप पास्नी गर्ने परम्परा भएको पाइन्छ। जस्तो सुत्केरीको दूधले नवजात शिशुलाई पुगेन भने २२ दिनमैं भात खुवाइन्छ। पास्नीको दिन खसी काटिन्छ। दाल, भात, तरकारी पकाइन्छ। आफ्नो सावगास अनुसार पूजाआजा गरिन्छ र लामालाई दानदक्षिणा दिइन्छ। पास्नीमा पनि साङ पढेरै पूजा गरिन्छ।

कागते समुदायले पनि लामा विद्या सिक्न कसैले नदेख्ने एकान्त ठाउँमा एक महीनासम्म गुफामा बस्नुपर्छ। १०,१२ वर्षको उमेर भएपछि (अर्थात् लामा विद्या सिक्न अधिकारी भएपछि) गुफा राखिन्छ। यस पात्रले बुद्धको ध्यान, आराधना, गर्नुपर्छ। डाँडाको चिहान माथि गोठ बनाएर बस्नुपर्छ। यसरी गुफा बसेको वेला मासु खानु हुँदैन, नून खानुहुन्छ। यस्तै खोर्सानी खान नहुने, आगो पानी छुन नहुने परम्परा

कायमै रहिआएको छ । आफ्ना गुरुबाट आराधनाको मन्त्र सिक्नु पर्छ । मन्त्र सिक्नको लागि अध्ययन गर्ने, शुद्ध लुगा लगाउने, कुनै पनि मानिसको मुख नहेर्ने (यस अवस्थामा गुरु र भातभान्छा गर्नेको मात्र मुख हेर्न हुन्छ) 'पाखाको मानिससंग बोलचाल, भेटघाट गर्नु हुँदैन । गुफा बस्दा ढ्याङ्ग्रो, झ्याम्टा, शङ्ख, लावा यालिङ कङलिङ र बुद्धका मूर्तिहरू चाहिन्छ । भाँडाहरूमा मुम्वा (झाडी) घण्टा (ढिल्यु), घोर्चेहरू चाहिन्छन् । अन्य सामानहरूमा बुद्धको मूर्ति राख्ने थाङ्का झुण्ड्याउने, बत्ती बाल्ने (कुम्बुमा घ्यू तेलको वत्ती बालिन्छ ) पर्न आउँछन् । यसपछि बुद्धको पूजा गर्ने, लामा विद्या सिक्न मिल्दैन र लामा विद्या नसिकी कर्मकाण्ड गर्ने अधिकारी हुँदैन । यसरी नियमपूर्वक गुफा बसेर लामा विद्या सिकेपछि उनीहरू गाउँघरमा आइपरेका सबै धार्मिक क्रियाकलाप गराउन पाउँछन् ।

कागते समुदायमा वैवाहिक संस्कार आफ्नै किसिमको देखिन्छ । विवाह गर्नको लागि केटाको उमेर पुगेपछि केटी माग्न गइन्छ । सबैभन्दा पहिले कसकहाँ विवाह गर्न योग्य केटी छ, त्यसैका घरमा विवाहका लागि सरसल्लाह गर्न २,३ जना मानिस १ पाथी जाँड लिएर केटी भएको घरमा पुग्छन् । केटा र केटीका तर्फबाट कुराकानी हुन्छ । यदि केटी दिने टुङ्गोमा कुटुम्वहाल पुगे भने अर्को चोटि केटापक्षका मानिस (जसलाई लमी वा दूत भनिन्छ ।) ३ पाथी रक्सी लिएर अठोट लगाउन जान्छन् । (३ पाथी रक्सी लानुलाई ठेकी लाने पनि भनिन्छ ।) यसैबाट लमीहरू "फलानो दिन फलाना केटाको फलानी केटीसंग विवाह हुने भयो" भन्ने कुराको टुङ्गो गरेर घर फर्कन्छन् । यसरी विवाहको दिन निश्चित भएपछि व्यौल्हा जानुभन्दा ३ दिन अगाडि १ पाथी रक्सी पत्रका रूपमा लानुपर्छ । विवाहको दिन व्यौल्हासहित अरू मानिस जन्तीका रूपमा जान्छन् । दमाईहरू आफ्नो सावगास अनुसार ७ जनादेखि लिएर १०, १५, २० जनासम्म हुनसक्छन् । व्यौल्हो सहितको जन्ती व्यौल्हीका घरमा पुगेपछि सबैभन्दा पहिले केटाका पक्षबाट सोद्धत बुझाउनु पर्छ । त्यसमा एघार पाथी रक्सी, ३० पाथी कोदाको छोक्रा, १३ मोहार पैसा आवश्यक हुन्छ । यति सामान राखेर व्यौल्हाले व्यौल्हीका बाबुआमालाई ढोगभेट गर्छन् । यसरी सोद्धत बुझाइसकेपछि व्यौल्हीलाई लुगा गहना दिइन्छ । त्यसमा फरिया, चोलो, पटुका, मजेत्रो, जुत्ता, मोजा र सुनचाँदीका गहनाहरूमा हुन्छन् । त्यहाँ जग्गे बनाइएको हुन्छ । जग्गेमा व्यौल्हा व्यौल्हीको भेटघाट गराइन्छ । त्यसपछि लामाले आफ्नो विद्या पढ्न शुरू गर्छन् । विवाहमा गर्ने अन्य कर्महरूमा-व्यौल्हीलाई व्यौल्हाले सिन्दूर हाल्ने (साधारण तवरले) तिल, जौको हवन गर्ने (यसलाई अगति पोल्ने भनिन्छ ), माइती तर्फका आमा बाबुले टिकोटालो, दानदक्षिणा गर्छन् । यसपछि त्यहाँ उपस्थित भएका मानिसहरूमध्येबाट गच्छे अनुसार पैसा उठाउँछन् । यो पैसा उठाउने प्रक्रियालाई सराई उठाउने भनिन्छ । यसरी उठाएको पैसा व्यौल्हीका बाबुलाई दिइन्छ । यो पैसा कसैले छोरी व्यौल्हीलाई दिन्छन् त कसैले भने आफैं राख्छन् । यसरी वैवाहिक संस्कार सकिएपछि भात मासु (रक्सी, रांगाको), जाँड रक्सी खान्छन् जसलाई व्यौल्ही भतेरै भनिन्छ । खानापिना सकिएपछि कसैले त्यही दिन व्यौल्ही लिएर जान्छन् त कोही चाहिं (टाढा घर हुनेहरू) त्यहीं रात बास बस्छन् ।

घरमा व्यौल्ही पुऱ्याएपछि लामाले आफ्नो विद्या पढेर व्यौल्हा-व्यौल्हीलाई फूलपातीले पूजा गरिन्छ । कागते समुदायमा दिदीहरूले भाइ व्यौल्हाको दैलो छेक्ने चलन छैन । व्यौल्हा-व्यौल्हीलाई थपक्क आँगनमा राखिन्छ । व्यौल्हाका बाबुआमा, काका, काकी, दिदी, बहिनी सबैले ती दुई जनालाई टीका लाइदिन्छन् । त्यसपछि सराई उठाइन्छ । त्यहाँ भेला भएका मानिसहरूका तर्फबाट पैसा उठाइन्छ र व्यौल्हाका बाबुलाई दिइन्छ । यसरी व्यौल्ही भित्राउने काम सकिएपछि व्यौल्हाका बाबुले त्यहाँ भेला भएका सबैलाई रक्सी खान दिन्छन् । रक्सी खाइसकेपछि मासु (रांगा, बोका, खसी, कुखुरा), भात, तरकारी, अचार

खान्छन् । यसको तीन दिनपछि दुलहादुलही रक्सी र रोटी एउटा भरियालाई बोकाएर नयाँ ससुराल जान्छन् । केही दिन बसेर फर्किएपछि विवाहको संस्कार समाप्त हुन्छ ।

अब हामी यो समुदायलाई किन कागते भनियो? यस सम्बन्धमा चर्चा गरौं । लोप्राका रिन्जी लामाको[11] भनाइ अनुसार अहिले कागतेका रूपमा चिन्हिएको समुदाय पहिले हेलम्बूका शेर्पाका रूपमा प्रख्यात थियो । यसरी हेलम्बूका शेर्पासंग छुट्टिएर आएको हुनाले लोप्रा भेगका कागतेलाई 'हेलमाली कागते' भनिन्छ । लोप्रामा आएपछि यो भेगमा पहिलेदेखि नै नेपाली कागज बनाउने कच्चा पदार्थ प्रशस्त पाइने भएकाले कागज बनाउन थाले र उनीहरू क्रमशः समुदायकै रूपमा कहलिए । रिन्जी लामाको भनाइ अनुसार कागते समुदायको संख्या वि० सं० २०३२ सालमा उनीहरूबाटै भएको सर्भेमा ८५४ जना मात्र देखिएका थिए । सो सर्भे लोप्रा भेगमा मात्र गरिएको थियो । उनको भनाइ अनुसार शेर्पा, तामाङ र भोटेसंग कागते समुदायको भाषा मिल्दैन । यो छुट्टै भाषा र संस्कृति भएको समुदाय हो ।[12]

कागतेहरू पनि अन्य समुदायसरह विभिन्न थरमा विभाजित भएको पाइन्छ । जस्तै-भिगुले स्याङ्वा, ढिम्वा, लङ्रङ्, स्याङ्वा, टिम्वा स्याङ्वा, कुटुम्वरी, सर्पा एक च्यावा । वैवाहिक सम्बन्ध कायम गर्दा यिनीहरू आफ्नो थरमा गर्दैनन् । जस्तो–च्यावा थर भएको कागतेले स्याङ्वासंग विवाह गर्छ । त्यसैगरी विगुले र सर्पको पनि विवाह हुन्छ । कागतेमा पनि दुइथरी लामा हुन्छन् । एउटा थरी लामा कागते र अर्को चाहिं पढीलामा कागते । थरी लामा कागते पुस्तौं पुस्तादेखि विकसित हुँदै आएको हुन्छ भने पढीलामा कागते चाहिं जसले लामा विद्या पढ्यो उही मात्र हुन्छ, उसको सन्तान लामा कागते हुँदैनन् । थरी लामा कागतेका अरू पनि थर भएको जानकारी पाइएको छ । जस्तैः– लामा सर्पा, लामा, ङ्यावा मोमच्यावा, स्याङ्वा टिम्वास्याङ्वा, विगुले स्याङ्वा वा लगङ् स्याङ्वा ।[13]

कागतेका पनि आफ्नै कुल देवता हुन्छन् । लामा र झाँक्रीले कुल देवता बोलाउँछन् र पूजाआजा गर्छन् । जस्तैः–

कोसुङ लामु, लेमु छेम्वो, वंगी लाम्हो, भोलाङ लाम्हो, कोगै लाम्हो, फोटो लाम्हो, कावाकाजी लाम्हो छेम्वो, गोवक लाम्हो, गोवक् क्यालमो, छचाम्वो, (छेम्बो ?) सेर्की भुम्वा, लाम्हो छ्येम्वो सेर्कीफुर्पा, लाम्हो छयोम्वो, सेर्की खुर्वी छयोम्वो, जिस्याल्ला सङ्सेर किम् छचोम्वो, दुङ गी च्यारी छचोम्वो, साङद सेर्कीम् चाङमा स्याल्ला यावुकुसल युलम, जिन्दा नाङला यावु राङगी कुलु देवा, कुलुङ देवा, कोलोङ मजे, ठलोङ मजे, राम्रीम् खोर्त मच्यू, कङ सीवा, देवा नङला, राम्रीम् रा, खोर्त मच्यू नानु मतङ, दी राँगी देग नाङ्ला राँ छावल्, मतङ, सोलापाँ जा मतङ, राँगी तङसीवा, नाङला तुप्पू मैतेर, रंगी युलनाङ खार्ता मच्यू, स्यार् छोले, फेप् स्यूँदो, काठमाण्डू, नाङला, फेप् स्यूदो, तुप्पू भतेर, रंगी चेलोभालो, नाङला, छावल् मावल मतङ, रंगी युल, चीन्दा नाङला छावल् मेवल मतङ, रांगी चेलो वालो, नाङला बाकी छुला, नाञा साताङ, तेन्गीमिला, पार्चे मतङ, कङ सीवा, कीन्ड, नाङला, ोला, पाँजा भतेर स्यूवाला, धेक्का सङ सेर्कीम् नाङला तेक्का चल्तीगा सुना, चल्ती गा खेलगीगा सुना ेल्ती गा ता ङ्याजु सेम्वा लामा फोगिन्, फोला छचोम्म्वो गीतेङवेझोला चङमा मोजे चङमा सीवा लातेका राङगी कोलामोला च्यो च्यो मोथाम् जेर थानी मानी ला धेका जही मागु वान् चाइँ सिक्कारी देवी भूमे सीमे नाग राजा

११. रिन्जी लामा वस्तुतः कागते समुदायका लामा हुन्, तर यिनलाई धेरैजसो मानिसहरू 'रिन्जी शेर्पा' का रूपमा चिन्छन् । यिनी हुलाकी पनि हुन् ।

१२. यस प्रसङ्गमा मैले कागते समुदायको भाषिक अध्ययन गरिनँ । अन्य समुदायका विशेषताहरू पनि शेर्पा, भोटे र तामाङसंग तुलना गर्ने प्रसङ्ग नभएकोले यस दिशातिर हात बढाइएन ।

१३. रिन्जी लामाबाट प्राप्त जानकारीका आधारमा

आवो सुभो वालो, कुसलमा वसौ अव अफनो गर गाउँ जन्त वितर महाँ कोइदुःख नदे पीर नदे अव भानी मानी माहावसौं भनीकन आफ्नो गाउँ जिल्ला भितर महाँ मा पो मा भ्यो अव सुभो भलो कुसला गरी दिनु तिम्लाई सेवा सेर्कीम् गरी दियो एका आटा लम्वरको सङ्गे झाँझी।[14]

यसरी कागतेहरू आफ्नै पारम्परिक रूपमा कुल देवता बोलाउने र पूजा गर्छन्।

नेपालका हरेक ठाउँमा स्थानीय देवी देवताको ठूलो भूमिका रहेको हुन्छ। स्थानीय या लोक देवी देवतालाई प्रजा आराधनाद्वारा खुशी पार्न सकेन भने त्यहाँका मानिस र घरपालुवा वस्तुहरूले नानाथरी दुःख पाइरहेका हुन्छन्। यस किसिमका लोक देवी देवताहरूलाई लामा र झाँक्रीले बोलाएर पूजा गरेर खुशी पार्न सक्छन्। जस्तैः–

ठारे महाकाली देवी विर्ताला महादेउ, भूमे देवी, पाँच पाण्डु, भीमासुरी भीमसेन देउता, रम्बुजे देवी, सिकारी गनेस देउता, कालिन्चोक कालीमाई देउता सिदी कैलास देउता, बउला पोखरी, वाले पोखरी, सिकारी, सेवा मेरो दुनियाँ दर्को लागि सुभो भलो कुसलभाई आओस् यत्ति आउने जन्त भितर माहा कोई दुख नहोस् पीर नहोस् भनी देउ-देउता पूर्व पश्चिम उत्तर दखिन देउताको नमस्कार सेवा गरी लियो पहरावनावासी वाला ढचाङ्गको हो सेवा गरी लियो कोइ आफ्नो जन्त वितर माहा दुख पीर देला भनी बेटी घाटी गरी सेवा मेरो ठूलो गरी लियो भगुवारको जही कृपया होस्।[15]

यो झाँक्रीले लोक देवी देवतालाई पर पुकारा गरेको कुरा भयो। लामाले पनि आफ्नै पाराले बोलाउँछ तापनि त्यसमा मूलभूत कुरा भने माथि देखाइएकै हुन्छ।

धामी एकै किसिमको हुने कुराको जानकारी पाइएको छ। लामा र झाँक्रीले कुल बोलाउने गर्छन्। सेंवुम्बासेलाई पुम्वासे, थामी पुम्वासे काङग्री ठुङवे चाइँ सिकारी लुङला ठुङवे सीमेभूमे नाका राजा नाका रानी हो सीता धाइ हो गनेस हो सत्यवाजी हो वीरा गुरु हो दारे गुरु हो माहा गुरु हो सिम्देन गुरु हो सत्यवाजीमा चली जाउन खेली जाउन अम्बुर खोला तम्बुर खोला सप्सुभाइ चन्दरभाइ गुप्तेश्वरी महासुरी गंगाजाहाल थला जाला, गुरुजाला, आफ्ना-नुनी चेलोभालो चरी आओ होई सिर खेली आउ पाउचाली आउ, गंगा जाला हो, महा कुण्ड छेटा कुण्ड, देवा कुण्ड, सिम्दिन गुरु, देवरानी तिमी राजा हो देवा रानी हो चारै दिशा हो देवा राजा देव रानी हो सिराचली आउ, पाउचाली आउ सेवा सेर्कीम खाजाभु-जामा यसै आजु गर गृहिया मन्दिर मानी निम्तो मायो, चाली जाउन, खेली जाउन जन्तभितरमा सुभो गरी लिउँ, भोलो गरिलिउँ भनीकन हो सत्य-बाजीमा बिसासचे, हो आइतर घ्यू भनीकन हो चेलो भालोलेवर माग्यो पुकर माग्यो सरसती हो, वृहसपति हो गंगाजल हो, आकाशको चंद्र सूर्य देव-राजा हो पतालको सूर्जे नाक हो आकाशको भगवाती नारायेण लक्ष्मी हो तिम्रो चेलो भालो वलमाग्यो पुकर माग्यो चंद्र सूर्जे भगवाती कृष्ण हरि भगवान्‌को चेलो भालो ले जय भगवती कृष्ण भगवान्‌को गाजावाजा डोलो ढ्याङग्रो वजाई लियो तिमीले नी आजुओको दीन पर्वा मिति दिखि उपै गर्दा के हो कसो सुभोभालो कुसल्मा कासो हुने हो के हुने हो चारै ढोका चारै दिशा देव राजा देवरानी जय कुलाइन्को मानीमाहा कुण्डमा देवा कुण्डमा क्षत्र गुम्वामा सुना गुम्वामा मो खेली जाने हित्त चित्तको चौता राजा मेरी गुरु मेरी रानी हो होपराजा हो होपरानी हो देवराजा हो देवरानी हो तिम्रोरी चेलोभालो कुसल भलो केहे कासो हुने हो की यसै मन्दिरमा सुभो भलो मा मानेकोदी क्मोजीममा सुनढोका साँची देवा देवानी साँची नयाँ चौता साँची आइतवारे साँची वुधवारे साँची चारै-

१४. सङ्गे झाँक्रीबाट प्राप्त जानकारी

१५. सङ्गे झाँक्रीबाट प्राप्त जानकारी

ढोका खेली ढोका खेली जाने देवराजा मेरो कुलुहु चौता साची हो मेरो वसी देनुपर्छ आफनु चेलोभालो महा तिमीले सुभो गरीदेउ भलो गरिदेउ सत्य जीवनमा वसीदेओ तिमी भनीलेको मनचित्त वुझाइ दिनु भो भनी हीकन गुरुराजा मेरो सरसती हो बसैंले ओ चारै ढोका खेली जाने देव हो राजा साची ही वसी खेली ही जाउन चली होइ जाउन सुभो भलोमा कुसल गरिदेउ भाउवसतु चौपायामा दुख नदे पीर नदे सुभो गरिदेउ वल गरिदेउ मेरो नी हो जन्तमित्रमा जरौपरौ खोकी धम्की नदिनु तिमीले सोला पाँजा नदिनु नी तिमीले नी आजु का नी दिन पर्वा मिति दिखी विदावारी हुनुपछँ देवराजा देवरानी कुलुराजा को लोभानी मान्ने गुन्ने देवराजा हो कुलो राजा हो गुरु राजा हो सुभो भलोमा चेलोभालोको ज्ञान विद्यमा गुरु राजाले दिई लिएकोमा मधुवनका मधु दैत्यानिको हो वारो उतपति भइ लिएको वोकसी दैनी आखी अहा डिस्टाको भूत मारौं भेत मारौं चारै ढोका दिशा मारौं जही कृष्ण भगुवान्को वाचाले मारौं र आफनु हुग्मान विद्यवाट अगेनी राजा जल रानीको वाचाले फोरमन्तर कि वाचा सफुङ विफुङ किवाचाले धोल करौं होम जग्ये कृष्ण भगुवान् की कृष्णको शक्ति मेरोभक्ति जही भगुवान्को रक्षे (रछे)[16]

कागतेमा देवाली गर्ने परम्परा पनि छ। उनीहरू सबैभन्दा पहिले आवाहन गर्छन्।

मूलको सुङतामु नेमु छचोम्वो वंगी लायो वंगी टोलमा छचोम्यो गोवक्वी लामो गोवक्की क्यालमो ढल्की तोक्यता तातिदिङ सेवा सेर्कीम दाकुइलो पदादातिन् की तोप्ताको सुङ लामो छ्युम्वो तेम्ला सेवा सेकीम् सेवा ङाइ दी चेलो मालो नाङला नमस्कार सेवा।[17]

कागतेको देवालीमा कुल देवता बुझाउनको लागि ७ पाथी ७ माना ७ गेडा चामल पकाउनु पर्छ र चढाउनुपर्छ। बाख्रा, कुखुराको भालेको भोग दिइन्छ। त्यसमा गच्छेअनुसार भेटी चढाई पूजाआजा समेत गरिन्छ। पूजा गर्ने ठाउँमा पीठोको रेखी हालिन्छ।

| | | | | |
|---|---|---|---|---|
| सु भो | राजा | दोवा | सीवा खोलो | |
| भ लो | तोर्मा अक्सुभ | तोर्मा ३ | गी | मावुङ |
| कुसल | तोर्मा ३ | माबुङ तोर्मा | स्वोल्वो | धनु काँड |
| गरी दिनु | भाले पूजा | फुल पूजा | बाख्रा पूजा | सेर्कीम पूजा |

१६. सङगे झाँक्रीबाट प्राप्त जानकारी

१७. पूर्ववत्

पूजाकै सन्दर्भमा तलको मन्त्र पढेर प्रार्थना गरिन्छ–

दलीन् कोतोपल्का दकुइ तोप्ता ख्यानी तोर्मा तिम्की तोप्ता मावुङ कुइ तोप्ता रक्षेछिमा पेदो कोलङ माजे ठोलोङ माजे सेवा सेर्कीम गइदीं सेवा सेर्कीम जय भगवान् रक्षे गर्दो जय भगवान् की सुखशान्ति नमस्कार।[18]

कागते सेतो गहुँको न्वागी खान्छन्। सबैभन्दा पहिले गहुँ भुटिन्छ। त्यसपछि पीठो पींध्ने र पानीमा मुछ्ने, मूल ढोका र थाममा पूजा गर्ने, कुल देवतालाई सेर्कीम गर्ने, वस् न्वागी सकिन्छ। अन्य कुनै अन्नको पनि न्वागी खाइँदैन।

कागतेहरू मुख्यत: आइतवारे, नयाँ जेठावाजे, रावचे, भेडापुलेको पूजा गर्छन् र यी देवताहरूलाई हरबखतै मान्छन्।

कागते पनि फागुपूर्णिमाको दिनदेखि नयाँ संवत् मान्छन्। उनीहरूका १२ महीना हुन्छन् जसलाई यसरी रेखाङ्कन गर्न सकिन्छ–

ये– फागुन (चिह्न:– बिरालो), डुक–चैत (चिह्न:– गरुड), ढुल – वैशाख (चिह्न:– नाक), तक – जेठ (चिह्न:– घोडा), वुह्लुवु – असार (चिह्न: – भेडा), टे:– साउन (चिह्न:– बाँदर), च्या – भदौ (चिह्न:– कुखुरा), रवी – असोज (चिह्न:– कुकुर), फक् – कार्तिक (चिह्न:– सुंगुर), च्यूवा – मंसीर (चिह्न:– मूसा), लङ – पुस (चिह्न:– गुरु), ता– माघ (चिह्न:– बाघ)।[19] यसलाई लोहसर पनि भनिन्छ।

कागतेहरू मृत्यु संस्कार आफ्नै पाराले गर्छन्। यिनीहरू पनि घरमा नबाँच्ने अवस्थाको बिरामी भएपछि दशदान कर्म गर्छन्। कागतेहरू दशदानमा गाई दान गर्दैनन्, लामालाई पैसा दान गर्छन्। दशदान गर्दा चामल, मकैको मण्डल, जौ, तिल चाहिन्छ। लामा (थरी लामा)ले पूजा गर्छ। दानदक्षिणा गरेपछि दशदान कर्म सकिन्छ।

मान्छेको मृत्यु भयो। त्यसपछि सबैभन्दा पहिले कुनै सामान छुटपुट होला र विधि बिग्रिएला भनेर पुरोहित ल्याइन्छ। कागतेहरूको पुरोहित माथि उल्लेख गरे झैं लामा नै हुन्छ। बजार (कपडा) बाट मूर्दा बेर्न सेतो कात्रो ल्याइन्छ। साइत हेरिन्छ। जोगिनी पऱ्यो या अन्य कुनै कारणले रोकटोक भयो भने मूर्दा गाड्न या जलाउन मशानघाटतिर लगिँदैन। मूर्दालाई विशेष किसिमले पूजा गरिन्छ। मूलत: बुद्धका समीपमा मृत आत्माको बास होस् भन्ने कामना सहित पूजा गरिन्छ। जीवित अवस्थामा त्यो समुदायले जे जे कुरा खान्छ मरेपछि मूर्दाका अगाडि ती सबै खाने कुराहरू राख्नुपर्छ। पुरोहित लामाले जाँड रक्सीले पितर्छन्। शंखघण्ट बजाइन्छ। दिन जुरेपछि र घरमा गर्नुपर्ने सबै काम सकिएपछि मूर्दालाई घाटमा लगिन्छ। कागतेहरू पनि भोटे, तामाङले जस्तै मूर्दालाई डाँडामा लान्छन्। चारपाटे चिता बनाएर त्यसमाथि मूर्दा राखिन्छ र छोराले दाग बत्ती दिएपछि शव जलाउन शुरू गरिन्छ। कसै कसैले मूर्दालाई गाड्छन् पनि। लाश जलिसकेपछि तिल, जौ र चामलको चितापिण्ड दिइन्छ।

कागते समुदायमा कोरा बारेर बस्नु पर्दैन। योभन्दा पहिले लाश जल्दाजल्दैको बीच अवस्थामा लामाले तिल, जौ र दहीद्वारा यज्ञ गर्छन्। लाश जलिसकेपछि सबै मलामीहरू घरमा आउँछन्। ३,५ या १३ दिनमध्ये कुनै एक दिन अस्तु सेलाइन्छ। मृत्युको भोलिपल्ट ढिकुरो बनाउँछन् र लामाले त्यहाँ मरेको मान्छेलाई बोलाएर दैनिक खाइने कुराहरू दिन्छन्। मान्छेको मृत्यु भएपछि कालो ध्यावा गरिन्छ। दाजुभाइ, छोरी ज्वाइँहरू यसरी कालो ध्यावा गरेपछि चोखिन्छन्। उनीहरूलाई दशैं, तिहार, माघे संक्रान्ति जस्ता चाडपर्वहरू मान्न कुनै छेकवार हुँदैन– कालो ध्यावा गरेपछि।

कागतेहरू कालो ध्यावाभन्दा अतिरिक्त अर्को ठूलो ध्यावा गर्छन्। यो ध्यावा वर्षदिनभित्र जहिले गरे

१८. रिन्जी लामाबाट प्राप्त जानकारी

१९. पूर्ववत्

पनि हुन्छ । यसमा पनि पुरोहित लामा नै हुन्छन् । यो ध्यावा गर्न निकै खर्च लाग्छ । चामल, तिहुन तरकारी, रक्सी, जाँड, कपडा र दानदक्षिणा त नभै नहुने सामान भैगए ।

घर नजीकै या अलिक पर मृत व्यक्तिका नाउँमा माने बनाइन्छ । घरमा आमा बा मध्ये दुवैजना वेग्ला वेग्लै समयमा परलोक भएका भए पहिले जसको देहान्त भएको हो उसैका नाममा माने बनाइन्छ र पछि आमा बा मध्ये दुवै जनाको अन्त्य भैसकेपछि दुइटैको नाममा एकै ठाउँमा माने बनाइन्छ । माने भनेको स्मारक जस्तो हो । माने बुद्धका मन्दिरकै आकारको बनाइन्छ । मानेमा बुद्धका आँखा कुँदिएका हुन्छन् । मानेको चार दिशामा तल लेखिएको मन्त्र लेखिएको हुन्छ ।

| | मन्त्र |
|---|---|
| १. पूर्व दिशामा– स्याकतोर्जे सिम्वा– | ॐ |
| २. पश्चिम दिशामा– नवथाये– | ह्री |
| ३. दक्षिण दिशामा– रिन्जीङ् ज्युङ् देन– | टम |
| ४. उत्तर दिशामा– डोयेनं डुक– | अ |

नयाँ बनाएको मानेलाई रातोमाटो र कमेरोले लिपपोत गरी सफा, सुग्घर बनाइन्छ । माने बनाएको ठाउँ अरू नै मानिसको जग्गा परेको रहेछ भने उसलाई लागेको मोल तिरी लालपूर्जा या रसीद समेत लिनुपर्छ । माने बनाएको ठाउँको जग्गाका सम्बन्धमा पछि किचौला पऱ्यो भने मृत आत्माले शान्ति पाउँदैन भन्ने धारणा रहिआएको छ । मानेको चारैतिर उत्तीस या अरू कुनै पनि लामो काठमा लुङ्दरदज्यू (ध्वजा) राखेर गाडिन्छ । चारैतिर फूलको मालाको तोरण बनाएर घेरिन्छ । मानेमा नाङ्गो खुकुरी राखिएको हुन्छ । भातको तोर्मा, जाँड, रक्सी, फलफलेदो चढाइन्छ । ७८ ओटा बत्ती बालेर पूजा आराधना गरिन्छ । मानेमा कार्जे सिद्धिएपछि मृत व्यक्तिकै छोराले पुरोहितलाई बोकी ध्यावा गर्ने घरसम्म पुऱ्याउँछन् । घरमा पुगेर भोज खाइन्छ । त्यसपछि बेलुका ध्यावा गरिन्छ । यो ध्यावा ३ दिनसम्म चल्छ । एउटा टेबुलमा तोर्मा बनाएर राखिएको हुन्छ । त्यहाँ रक्सीले पितर्दै पूजा आराधना गरिन्छ । यसरी ध्यावा गरेपछि मृत व्यक्ति मुक्त हुन्छ भन्ने धारणा रहिआएको छ । तेस्रो दिन पुरोहित लामाहरूलाई दान दक्षिणा दिएपछि साधारणत: ध्यावा सकिन्छ । कागतेहरू ध्यावालाई प्रमुख चाडका रूपमा मान्छन् ।